राष्ट्रिय खोप उत्पादन प्रयोगशाला, त्रिपुरेश्वर, काठमाडौंद्वारा
उत्पादित

# पशुपन्छीका खोपहरुबारे जानकारी पुस्तिका



नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

## राष्ट्रिय खोप उत्पादन प्रयोगशाला

त्रिपुरेश्वर, काठमाडौं

२०७५-०७६

# दुई शब्द

यस प्रयोगशालाले उत्पादन गर्दै आएको विभिन्न खोपहरु र यिनीहरुको संचय तथा प्रयोग विधि बारे जानकारी गराउन यो पुस्तिका प्रकाशन गरिएको छ। यो पुस्तिकामा हालसम्म यस प्रयोगशालाले उत्पादन गरेको खोपहरुको उत्पादन विवरण साथै मूल्य सुची समेत समावेश गरिएको छ।

यो पुस्तिकाले पशुपन्छीका खोपहरुको प्रयोग विधि बारे ज्ञान दिने हुँदा पशु स्वास्थ्य सेवाका प्राविधिक तथा व्यावसायिक कृषकहरुलाई निकै उपयोगी सिद्ध हुने आशा राखिएको छ। सूचना प्रवाह गर्न खोजिएका कुराहरु केही नपुग तथा केही त्रुटीहरु पनि हुन सक्छन्। यस्ता त्रुटीहरु भेटिएमा यस प्रयोगशालामा सुझाव पठाइदिनुहुन समेत अनुरोध छ।

**राष्ट्रिय खोप उत्पादन प्रयोगशाला**
त्रिपुरेश्वर, काठमाडौं

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| **क) प्रारम्भिक** | **१–४** |
| १. आदर्श खोपमा हुनु पर्ने गुणहरु | १ |
| २. खोप लगाएतापनि पशुपन्छीमा रोग किन लाग्छ ? | २ |
| ३. खोपहरुको बिक्री वितरणको व्यवस्था | ३ |
| ४. खोप लगाउने समय | ३ |
| ५. खोप संचय तथा ढुवानी गर्दा विचार गर्नु पर्ने केहि कुराहरु | ३ |
| ६. कुखुरामा खोप लगाउँदा विचार पुऱ्याउनु पर्ने कुराहरु | ४ |
| **ख) कुखुराको खोपहरु** | **५–१३** |
| १. आर.डि.एफ. वन स्ट्रेन भ्याक्सीन | ५ |
| २. रानीखेत आर.टु.वि. स्ट्रेन भ्याक्सीन | ७ |
| ३. रानीखेत लासोटा स्ट्रेन भ्याक्सीन | ८ |
| ४. फावल पक्स भ्याक्सीन | ९ |
| ५. एन.डि.आई. टू भ्याक्सीन | १० |
| ६. गम्वोरो (इन्टरमिडियट स्ट्रेन) जिवित भ्याक्सीन | ११ |
| ७. कुखुराको खोप सिफारिस तालिका | १२ |
| **ग) गाई/भैंसी, बंगुर, भेडा, बाख्रा, कुकुर तथा विरालोका खोपहरु** | **१४–२०** |
| १. एच.एस. भ्याक्सीन | १४ |
| २. एच.एस. एरोसोल भ्याक्सीन | १५ |
| ३. एच.एस.र वि.क्यू. संयुक्त भ्याक्सीन | १६ |
| ४. एन्थ्राक्स स्पोर भ्याक्सीन (जिवित) | १७ |
| ५. स्वाईन फिभर भ्याक्सीन (लेपिनाईज्ड) | १८ |
| ६. पि.पि.आर. होमोलोगस टिष्युकल्चर भ्याक्सीन (जिवित) | १९ |
| ७. सेलकल्चर एन्टिरेबिज भ्याक्सीन | २० |
| **घ. पशुपन्छीहरुमा प्रयोग गरिने खोपहरु र तिनिहरुको प्रयोग तालिका** | २१ |
| **ङ. प्रयोगशालाबाट उत्पादित खोपहरुको बिक्री मूल्य** | २४ |

# क. प्रारम्भिक

## आदर्श खोपमा हुनु पर्ने गुणहरू

क) खोपमा खास रोगको विरुद्धमा छोटो समयमा नै प्रतिरोध गर्ने शक्ति (Antibodies) उपयूक्त मात्रामा उत्पन्न गर्ने गुण हुनुपर्छ ।

ख) खोपमा प्रयोग गरिएको जीवाणु वा विषाणुको प्रजाति (Strain) आफ्नो देशमा पाईने जीवाणु वा विषाणुको प्रजाति संग मिल्ने हुनुपर्छ । जसले गर्दा प्रजाती फरक भई खोपले काम नगर्ने स्थिति श्रृजना हुने सम्भावना कम रहन्छ ।

ग) खोपमा प्रयोग भएको जीवाणु वा विषाणु शुद्ध (Pure) हुनु पर्छ । अर्थात् त्यसमा अनावश्यक (Undesirable) जीवाणु तथा विषाणुहरु मिसिएको (Contamination) हुनु हुदैन ।

घ) प्रयोग गरेको खोप पशुपन्छीको शरीरमा कम भन्दा कम Side effects हरु उत्पन्न गर्ने खालको हुनुपर्छ ।

ङ) खोपले पशुपन्छीको शरीरमा कुनै पनि किसिमको हानिकारक असरहरु (Toxic effects) पार्नु हुदैन ।

## खोप लगाएतापनि पशुपन्छीमा रोग किन लाग्छ ?

खोप लगाएतापनि पशुपन्छीमा रोग लाग्न सक्छ र त्यसका कारणहरु निम्न हुन सक्छन्:

१. खोपमा भएको जीवाणु वा विषाणुको प्रजाती (Strain or Sub-Strain) र आफ्नो क्षेत्रमा भएको जीवाणु वा विषाणुको प्रजाती फरक भएमा ।

२. Cold Chain को व्यवस्था राम्रो नभएमा अर्थात् खोप उत्पादक संस्थाले निर्दिष्ट गरेको तरिका अनुसार अर्थात चिसो अवस्थामा खोपको ओसार पसार तथा भण्डारण नभएमा ।

३. पशुपन्छीको शरीरमा कुनै रोगको जीवाणु र विषाणु प्रवेश गरिसकेको तर रोगको लक्षण देखा पर्न शुरु नभएको अवस्थामा (Incubation Period) मा खोप दिएमा ।

४. पशुपन्छीको शारिरीक अवस्था पूर्णरुपले ठिक नभएको अवस्था अथवा कुनै किसिमको Stress परेको अवस्था जस्तै कुनै रोग लागेर निको हुदै गरेको, धेरै काम गरेर थाकेको, लामो हिंडाई तथा मोटरको यात्राबाट थाकेको, बाह्य तथा आन्तरिक परजीविले ग्रसित भएको समयमा खोप दिएमा ।

५. खोप प्रयोग गर्दा खोप उत्पादक संस्थाले निर्दिष्ट गरेको प्रकृया अनुसार नभएमा अर्थात् खोप घोल्दा आवश्यक भन्दा बढि Diluent प्रयोग भएमा तथा एक तरिका बाट दिनु पर्ने अर्को तरिकाबाट दिएमा तथा निर्दिष्ट गरेको भन्दा मात्रा कम भएमा ।

६. पशुपन्छीले क्लोरिन मिसाएको पानी तथा कुनै एन्टीवायोटिक खाईरहेको समयमा खोप दिएमा ।

## खोपहरुको विक्री वितरणको व्यवस्था

राष्ट्रिय खोप उत्पादन प्रयोगशालाबाट उत्पादित खोपहरुको विक्री वितरण गर्नको लागि हालसम्म देश भरी जम्मा दश वटा विक्रेताहरु नियुक्त भएका छन् । यी विक्रेताहरुबाट पि.पि.आर. तथा एन्थ्राक्स वाहेक सबै खोपहरु विक्री गर्ने व्यवस्था गरिएको छ। पि.पि.आर. खोप खरिद गर्नु परेमा सम्बन्धित जिल्लाको जिल्ला पशु सेवा कार्यालय वा गैह्र सरकारी संस्था (NGO) को पत्र साथ नियमानुसार शुल्क तिरी यस प्रयोगशालाबाट खरिद गर्न सकिने व्यवस्था रहेको छ। त्यसै गरी एन्थ्राक्स स्पोर खोप लिनको लागि पनि सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको सिफारिस साथ राष्ट्रिय खोप उत्पादन प्रयोगशालाबाट सोझै खरिद गर्नु पर्ने व्यवस्था रहेको छ। राष्ट्रिय खोप उत्पादन प्रयोगशालाबाट उत्पादित खोपहरुको विक्री वितरण गर्नको लागि हाल सम्म नियुक्त भएका वितरकहरु तथा तिनिहरुको ठेगाना यस पुस्तिकाको अन्तिम पानामा दिईएको छ।

## खोप लगाउने समय

खोप प्रयोग गर्दा रोग देखा पर्ने अनुमानित समय भन्दा एक महिना अघि नै खोप लगाई सक्नु पर्छ। एच.एस. तथा एच.एस. र बि.क्यु. कम्बाईन्ड खोप वर्षको दुई पटक (वैशाख जेठ र असोज कार्तिक) दिनु पर्छ । त्यसैगरी कुखुराको खोपहरुको लागि सिफारिस गरिएको खोप तालिका अनुसार खोप लगाउनु उपयुक्त हुन्छ। तर स्थान विशेषमा रोगको प्रकोप हेरी स्थानिय पशु चिकित्सकको सल्लाह लिई उपरोक्त खोप तालिकामा हेर फेर गर्न सकिने छ।

## खोप संचय तथा ढुवानी गर्दा विचार गर्नुपर्ने केहि कुराहरु

१) फ्रिज ड्राई गरी तयार पारिएका भाईरल खोपहरु उत्पादन भैसकेपछि -२०° सेन्ट्रीग्रेड तापक्रम भएको डिप फ्रिजमा राख्ने यसमा उल्लेख गरिएको म्यादभन्दा लामो अवधिसम्म पनि राम्रो अवस्थामा राख्न सकिन्छ।

२) फ्रिज ड्राई गरिएको खोपलाई कहिले डिप फ्रिजमा राख्ने र कहिले +२° देखि

+८° सेन्ट्रीग्रेड तापक्रम भएको रेफ्रिजेरेटरमा राख्ने गरिएमा खोपको प्रभावकारीतामा निकै कमी आउन सक्छ ।

३) खोप ढुवानी गर्दा उपयुक्त तापक्रम मिलाएर थर्मस फ्लास्क/थर्मकुल बक्समा राखी ढुवानी गर्नु पर्दछ ।

४) कुनै पनि खोपलाई सिधा घाममा पर्ने गरी प्रयोग वा ओसार पसार गर्नु हुदैन । साथै भण्डारण गर्दा पनि अध्यारो र चिसो कोठामा राख्नु उपयुक्त हुन्छ ।

५) भ्यागुते, चरचरे र पटके रोगको खोपहरुलाई रेफ्रिजेरेटरको +२ देखि +८° से. तापक्रममा राख्नु पर्छ तर डिपफ्रिजभित्र राख्नु हुदैन । खोप जमेको खण्डमा पनि प्रयोग गर्नुहुदैन । रेफ्रिजेरेटर नभए पनि चिसो कोठामा संचय गर्न सकिन्छ ।

६) खोप राख्ने गरिएको रेफ्रिजेरेटर चौविसै घण्टा चालु अवस्थामा राख्नु पर्छ । एक दुई घण्टाको लोड सेडिङ्ग समय पर्न गएमा रेफ्रिजेरेटरको ढोका खोल्नु हुदैन । यदि उपलब्ध हुन्छ भने जेनेरेटर चलाएर भए पनि बिजुलीको आपूर्ति गर्नुपर्छ ।

## कुखुरामा खोप लगाउदा विचार पुऱ्याउनु पर्ने कुराहरू

१) खोप लगाउँदा चल्ला तथा कुखुराहरु स्वस्थ हुनु पर्छ ।

२) खोप तयार पार्दा चिसो पारिएको नर्मल सलाईन (Chilled Normal Saline) वा खोपसँगै प्राप्त हुने Diluent मा घोल्नु पर्छ र यस्तो खोप वरफ वरिपरि राखेर चिसो हुने गरी राख्नु पर्छ । खोप सकेसम्म दुई घण्टा भित्रमा प्रयोग गरी सक्नु पर्छ ।

३) खोप लगाउँदा सकेसम्म बिहानै लगाउनु उपयुक्त हुन्छ । तापक्रम धैरै हुने हुँदा दिनमा खोप लगाउनु उपयुक्त हुदैन ।

४) खोप तथा खोप प्रयोगविधि बारे पूर्ण जानकारीको लागि पशुचिकित्सक वा नजिकको भेटेरिनरी अस्पताल, विज्ञ केन्द्र वा सम्बन्धित विशेषज्ञसंग सम्पर्क राख्नु होला ।

# ख. कुखुराको खोपहरु
# Poultry Vaccines

# आर.डि.एफ.वन स्ट्रेन भ्याक्सीन
# (RDF1 Strain Vaccine)

यो खोप रानीखेत रोग (Newcastle Disease) विरुद्ध प्रयोग गरिने लेन्टोजेनिक स्ट्रेनको कुखुराको Specific Pathogen Free (SPF) अण्डाबाट फ्रिजड्राई गरी बनाइएको जीवित खोप हो ।

**खोप प्रयोग गरिने पन्छी:** मासु र अण्डाका लागि पालिने कुखुरा तथा अन्य पन्छीहरु ।

**खोप दिने उमेर:** १-७ दिन भित्र र ४ हप्ता पछि पुनः दोहऱ्याउने । यस अतिरिक्त स्थानीय आवश्यकतानुसार तोकिएको खोप तालिकाअनुसार लगाउने ।

**खोप घोल्ने तरिका:** २ मि.लि. चिसो डाइलुएन्ट वा नरमल सलाइन खोपको भाएलमा राखी घोल्ने र झिकेर मात्रा अनुसारको डाइलुएण्ट वा चिसो नरमल स्लाइनमा घोली घाम नपर्ने गरी वरिपरि वरफले ढाकेर राख्ने । घोली सकेको खोप दुई घण्टा भित्र प्रयोग गर्ने ।

**खोप प्रयोग गर्ने तरिका:** यस खोपलाई दुई तरिकाबाट प्रयोग गर्न सकिन्छ ।

**क**) **पानीको माध्यमबाट प्रयोग गर्ने:** ५० प्रतिशत चिल्लो रहित दूध अर्थात एक लिटर पानीमा १ लिटर दूध मिसाई खोप घोल्ने र मात्रा अनुसारको कुखुराको लागि एकघण्टाभित्र सिध्याउने गरी पानी खाने भाँडोमा राखिदिने । तर सो पानी राख्नु भन्दा २ घण्टा अगावै पानीको भाँडाहरु हटाउने र सम्भव भएसम्म बिहान वा बेलुका दिने । केमिकल मिसाएको पानी प्रयोग गर्नु हुदैन ।

**ख**) **आँखा र नाकमा प्रयोग गर्ने:** मात्रा अनुसारको डाइलुएण्ट वा चिसो नरमल सलाइन घोलेको खोप मात्रा अनुसारको कुखुरालाई पुग्ने गरी २१ गेजको सियो भएको सिरिन्जले १-१ थोपा नाक र आँखामा दिने ।

**खोपको रक्षात्मक अवधि:** प्रयोग गरेको मिति देखी साधारण अवस्थामा ४ हप्तासम्म ।

**खोपको स्थान्तरण (Transportation of Vaccine):** बरफ राखेको थर्मस वा कुलवक्स भित्र राखी स्थानान्तरण गर्ने ।

**खोपको संचयः** संचय गर्दा डिपफ्रिज वा रेफ्रिजेरेटरको फ्रिजीङ्ग च्याम्बर भित्र राख्ने । यदि फ्रिज, डिपफ्रिज संभव नभएमा स्थानान्तरण गर्ना साथै प्रयोग गर्ने ।

**खोपको प्रस्तुती**: २००, ५०० र १००० मात्राको निलो रंगको फ्रिजड्राइड खोप लेवल सहितको फ्रिजड्राइङ्ग भाएलमा राखिएको ।

**डाइलुएण्टः** २०० मात्राको लागि १० मि.लि., ५०० मात्राको लागि २० मि.लि.र १००० मात्राको लागि ४० मि.लि. खोपसंगै उपलब्ध छ ।

# रानीखेत आर.टु. वी. स्ट्रेन भ्याक्सीन

# (Ranikhet R2B Strain Vaccine)

यो खोप रानीखेत रोग (Newcastle Disease) विरुद्ध प्रयाृग गरिने मेसोजिनीक स्ट्रेन को कुखुराको Specific Pathogen Free (SPF) अण्डाबाट फ्रिजड्राइङ्ग गरी बनाइएको जीवित खोप हो ।

**खोप प्रयोग गरिने पन्छीः** मासु र अण्डाका लागि पालिने कुखुरा तथा अन्य कुखुरा ।

**खोप दिने उमेरः** ८-१० हप्ता

**खोप घोल्ने तरिकाः** २ मि.लि. चिसो पारिएको डाइलुएण्ट वा नरमल सलाइन खोपको भाएलमा राखी घोल्ने र झिकेर २५० मि.लि. चिसो डाइलुएण्ट वा नरमल सलाइनमा घोली घाम नपर्नै गरी वरिपरी बरफले ढाकेर प्रयोग गर्ने । घोली सकेको खोप २ घण्टा भित्र प्रयोग गर्ने ।

**खोप प्रयोग गर्ने तरिकाः** घोली सकेको खोप ५०० चल्लालाई पुग्ने गरी ०.५ मि.लि. का दरले मासुमा सुई दिने ।

**खोपको रक्षात्मक अवधिः** प्रयोग गरेको एक वर्ष सम्म ।

**खोपको स्थानान्तरण (Transportation of Vaccine):** बरफ राखेको थर्मस/कूलवक्स भित्र राखी स्थानान्तरण गर्ने ।

**खोपका संचयः** भण्डारण गर्दा डिपफ्रिज वा रेफ्रिजेरेटरको फ्रिजींग च्याम्बर भित्र राख्ने । यदि फ्रिज, डिप फ्रिज संभव नभएमा स्थतानान्तरण गर्ना साथै प्रयोग गर्ने ।

**खोपको प्रस्तुतीः** ५०० मात्राको रातो रंगको फ्रिजड्राइड खोप लेवल सहितको फ्रिजड्राइङ्ग भाएलमा ।

**डाइलुएन्टः** २५० मि.लि. वोतलमा खोपसंगै उपलब्ध छ ।

# रानीखेत लासोटा स्ट्रेन भ्याक्सीन
# (RD Lasota Strain Vaccine)

रानीखेत रोग (Newcastle Disease) विरुद्ध प्रयोग गरिने लेन्टोजेनिक स्टेनको कुखुराको Specific Pathogen Free (SPF) अण्डाबाट फ्रिजड्राइङ्ग गरि बनाइएको जीवित खोप हो ।

**खोप प्रयोग गरिने पन्छी:** मासु र अण्डाका लागि पालिने कुखुरा तथा अन्य पन्छीहरु ।

**खोप दिने उमेर:** १९-२१ दिन भित्र र ३-४ हप्ता पछि पुनः दोहऱ्याउने । यस अतिरिक्त स्थानिय आवश्यकता अनुसार तोकिएको खोप तालिका अनुसार लगाउने ।

**खोप प्रयोग गर्ने तरिका:** ५० प्रतिशत चिल्लो रहित दुध (Skimmed milk) अर्थात एक लिटर पानीमा १ लिटर दुध मिसाइ घोल्ने र मात्रा अनुसारको कुखुराको लागि १-२ घण्टा भित्र सिध्याउने गरी पानी खाने भाडोमा राखिदिने । तर सो औषधि पानी राख्नुभन्दा २ घण्टा अगावै पानीको भाँडाहरु हटाउने र संभव भएसम्म बिहान वा वेलुका दिने ।

**खोपको रक्षात्मक अवधि:** प्रयोग गरेको साधारण अवस्थामा ४ हप्ता सम्म ।

**खोपको स्थानान्तरण (Transportation of Vaccine):** बरफ राखेको थर्मस/थर्मकूलबक्स भित्र राखी स्थानान्तरण गर्ने ।

**खोपको संचय:** संचय गर्दा डिपफ्रिज वा रेफ्रिजेरेटरको फ्रिजींग च्याम्बर भित्र राख्ने । यदि फ्रिज वा डिप फ्रिज संभव नभएमा स्थानान्तरण गर्नासाथै प्रयोग गर्ने ।

**खोपको प्रस्तुती** : २०० र ५०० मात्राको हरियो रंगको फ्रिजड्राइड खोप लेबल सहितको फ्रिजड्राइङ्ग भाएलमा ।

## फावल पक्स भ्याक्सिन

## (Fowl Pox–Vaccine)

कुखुराको विफर रोग विरुद्ध प्रयोग गरिने कुखुराको Specific Pathogen Free (SPF) अण्डाबाट फ्रिजड्राइङ्ग गरि  बनाइएको जीवित खोप हो ।

**खोप प्रयोग गरिने पन्छी**ः मासु र अण्डाका लागि पालिने कुखुरा तथा अन्य कुखुराहरु ।

**खोप दिने उमेर**ः ६ देखि ८ हप्ता ।

**खोप घोल्ने तरिका**ः ५ मि.लि. ग्लिसिरिन सलाइनमा घोली घाम नपर्ने गरी वरिपरि बरफले ढाकेर प्रयोग गर्ने ।

**खोप प्रयोग गर्ने तरिका**ः घोली सकेको खोप २०० चल्लालाई पुग्ने गरी खोपाउने । सियोले पखेटाको भित्री भागमा ३/४ पटक खोपाउने र घोली सकेको खोप २ घण्टा भित्र प्रयोग गरी सक्ने ।

**खोपको रक्षात्मक अवधि**ः प्रयोग गरेको मिति देखि साधारण अवस्थामा ९ देखि १२ महिना सम्म ।

**खोपको स्थानान्तरण (Transportation of Vaccine)**ः बरफ राखेको थर्मस वा थर्मकूलबक्स भित्र राखी स्थानान्तरण गर्ने ।

**खोपको भण्डारण**ः खोपको भण्डारण गर्दा डिप फ्रिज वा रेफ्रिजेरेटरको फ्रिजिङ्ग च्याम्बर भित्र राख्ने । यदि फ्रिज वा डिप फ्रिज संभव नभएमा स्थानान्तरण गर्नासाथै प्रयोग गर्ने ।

**खोपको प्रस्तुती**ः २०० मात्राको फ्रिजड्राइड खोप लेवल सहितको फ्रिजड्राइङ्ग भाएलमा राखिएको. ।

**डाइलुएण्ट**ः ५ मि.लि. ग्लिसरीन सलाइन खोपसंगै उपलब्ध छ ।

# एन.डि. आईटु भ्याक्सीन
# (ND $I_2$ Strain Vaccine)

रानिखेत रोग (Newcastle Disease) विरुद्ध ग्रामिण कुखुरामा प्रयोग गरिने एन.डि. आईटू स्ट्रेन Specific Pathogen Free (SPF) कुखुराको अण्डाबाट फ्रिजड्राईड गरी बनाइएको जिवित खोप हो र यो खोपले तुलनात्मक रुपमा तापक्रम खप्न सक्ने (Heat Resistant) क्षमता राख्दछ ।

**खोप प्रयोग गरिने पन्छीः** मासु र अण्डाका लागि पालिने ग्रामिण कुखुरा तथा अन्य पन्छीहरु ।

**खोपिदिने उमेरः** १-७ दिन भित्र वा जुनसुकै उमेरमा यस अतिरिक्त स्थानीय आवश्यकता अनुसार तोकिएको खोप तालिका अनुसार लगाउने ।स

**खोप घोल्ने तरिकाः** २ मि.लि डाइलुएण्ट वा नरमल सलाइन खोपको भाएलमा राखी घोल्ने र झिकेर मात्रा अनुसारको डाइलुएण्ट वा नरमल स्लाइनमा घोली घाम नपर्ने गरी वरिपरि संभव भए सम्म वरफले ढाकेर राख्ने । घोली सकेको खोप एक घण्टाभित्र प्रयोग गर्ने ।

**खोप प्रयोग गर्ने तरिकाः** मात्रा अनुसारको डाइलुएण्ट वा चिसो नरमल सलाइनमा घोलेको खोप निर्दीष्ट कुखुरालाई पुग्ने गरी २१ गेजको सियो भएको सिरिन्जले १-१ थोपा आँखामा राखी दिने ।

**खोपको रक्षात्मक अवधिः** प्रयोग गरेको साधारण अवस्थामा ३ महिनासम्म ।

**खोपको स्थानान्तरण (Transportation of Vaccine):** संभव भए सम्म वरफ राखेको थर्मस/कूलवक्स भित्र राखी स्थानान्तरण गर्ने ।

**खोपको संचयः** यो खोपले तुलनात्मक रुपमा तापक्रम खप्न सक्ने (Heat Resistant) क्षमता राखेता पनि चिसो वातावरणमा संचय तथा स्थानान्तरण गरेमा बेसहुन्छ । तर यो खोप २६-३२ से. सम्म राखी २१ दिन सम्म प्रयोग गरेमा पनी रोग विरुद्ध रक्षात्मक गुण देखाउँदछ ।

**खोपको प्रस्तुतीः** यो २०० र १०० मात्राको फ्रिजड्रायङ्ग गरिएको लेवल सहितको फ्रिजड्राइङ्ग भाएलमा राखिएको ।

**डाइलुएण्टः** १० मि.लि., खोप संगै उपलब्ध डाईलुएण्ट वा नरमल सलाइन ।

# गम्बोरो इण्टरमिडिएट स्ट्रेन भ्याक्सीन (जिवित)

# IBD Intermediate Strain Vaccine (Live)

यो खोप कुखुराको गम्बोरो रोग (Infectious Bursal Disease) विरुद्ध प्रयोग गरिने कुखुराको Specific Pathogen Free (SPF) फुलबाट फ्रिजड्राइङ्ग गरि बनाइएको जीवित खोप हो ।

**खोप प्रयोग गरिने पन्छीः** मासु र फुलका लागि पालिने कुखुराहरुमा यो खोप प्रयोग गरिन्छ ।

**खोप दिने उमेरः** पहिलो पटकः १४-१८ दिन भित्र र दोश्रो पटक बुष्टर २८-३५ दिन भित्र । तर स्थानिय रुपमा यदि रोगको प्रकोप धेरै भएमा विशेषज्ञ भेटेरिनेरियनको सल्लाह अनुसार खोप तालिका परिवर्तन गर्न सकिने छ ।

**खोप घोल्ने तरिकाः** २ मि.लि. मात्रा अनुरुप दिइएको चिसो पारिएको डाइलुण्टलाई खोपको भायलमा राखी घोल्ने र झिकेर डाइलुण्टको सिसिमा घोली घाम नपर्ने गरि वरिपरि बरफले ढाक्ने गरि राखेर प्रयोग गर्ने । घोलि सकेको खोप २ घण्टा भित्र प्रयोग गर्ने ।

**खोप प्रयोग गर्ने तरिकाः** घोली सकेको खोप प्रत्येक चल्लालाई २-२ थोपा आँखामा राख्ने ।

**खोपको स्थानान्तरण (Transportation of Vaccine)ः** बरफ राखेको थर्मस वा थर्मकूलवक्स भित्र राखी स्थानान्तरण गर्ने ।

**खोपको संचयः** संचय गर्दा डिपफ्रिज वा रेफ्रिजेरेटरको फ्रिजिङ्ग च्याम्बर भित्र राख्ने । यदि फ्रिज मा राख्न संभव नभएमा स्थानान्तरण गर्नासाथै प्रयोग गर्ने ।

**खोपको प्रस्तुतीः** २०० र ५०० मात्राको फ्रिजड्राइड खोप लेवल सहितको फ्रिजड्राइङ्ग भायलमा ।

**डाइलुएन्टः** २०० मात्राको लागि १० मि.लि., ५०० मात्राको लागि २० मि.लि. खोपसंगै उपलब्ध छ ।

# कुखुराको खोप सिफारिस तालिका

## १. ब्रोईलर कुखुराको खोप तालिका :

| उमेर | रोग | भ्याक्सीनको किसिम | भ्याक्सीनेसन तरिका |
|---|---|---|---|
| १ दिन | मरेक्स | एच.भि.टी. | छालामुनि |
| ५-७ दिन | रानीखेत | एफ.स्ट्रेन | पानीमा वा आँखामा |
| ८-१२ दिन | गम्वोरो | ईण्टरपिडिएट स्ट्रेन | आँखामा |
| १०-१८ दिन | रानीखेत | लासोटा/एफ | पानीमा |
| १८-२० दिन वा २८-३५ दिन | गम्वोरो | ईण्टरमिडिएट स्ट्रेन | आँखामा |

१. यदि ब्रोईलरको प्यारेण्ट स्टकलाई १ दिनको उमेरमा रेस्पिन भ्याक्सिन (मरेक्स विरुद्ध) लगाइएको छ र पुन : रेस्पिन भ्याक्सीनले नै बुस्टर गरिएको छ भने त्यस्ता फार्मबाट उत्पादित चल्लाहरुलाई एच.भि.टी. भ्याक्सीन दिनु पर्दछ ।

२. यदि ब्रोइलरको प्यारेण्ट स्टकलाई १ दिनको उमेरमा रेस्पिन भ्याक्सीन (मरेक्स विरुद्ध) लगाइएको छ र वुस्टर भ्याक्सीन एच.भि.टी. दिईएको छ भने त्यस्ता फार्मबाट उत्पादित चल्लाहरुलाई रेस्पिन भ्याक्सीन दिनुपर्दछ ।

## २. लेयर्स कमर्सियल कुखुराको खोप तालिका

| उमेर | रोग | भ्याक्सीनको किसिम | भ्याक्सीनेसन तरिका |
|---|---|---|---|
| १ दिन | मरेक्स | सि.भि. १९८८ वा | छालामा एस.वि. १ |
| ५-७ दिन | रानीखेत | एफ स्ट्रेन | १ थोपा आँखामा वा पानीमा |
| ८-१२ दिन वा १८-२० दिन | गम्वोरो | ईण्टरमिडिएट स्ट्रेन | आँखामा |
| १८-२० दिन | मरेक्स | एच.भि.टि.फ्रिज ड्राईड | छालामा |
| २४-२६ दिन वा २८-३५ दिन | गम्बोरो | ईण्टरमिडिएट स्ट्रेन | आँखामा |
| २८-३० दिन | आई.वि रानीखेत | आई.वि र लासोटा वा एफ. स्ट्रेन | पानीमा |

| उमेर | रोग | भ्याक्सीनको किसिम | भ्याक्सीनेसन तरिका |
|---|---|---|---|
| ४२ दिन<br>४९-५० दिन | पक्स<br>रानीखेत | पक्स<br>एफ.स्ट्रेन वा लासोटा | पखेटा<br>पानीमा |
| <br>८-१० दिन | आइ.वि<br>रानीखेत | र आई.वि.<br>आर.टु.वि.(R2B) | <br>मासुमा |
| १२-१४ हप्ता<br>१५ हप्ता | पक्स<br>आई.वि | पक्स<br>आई.वि.एच.१२० | पखेटा (विङ्ग वेभ)<br>पानीमा |
| १६ हप्ता | रानीखेत | एफ स्ट्रेन वा लासोटा | पानीमा |

उपरोक्त तालिका बमोजिम भ्याक्सीनेसन गरिसके पश्चात अधिकतम उत्पादन अवस्थामा कुखुरा आईसकेपछि प्रत्येक २-२ महिनामा आई.वि र एफ स्ट्रेन वा लासोटा भ्याक्सीन दिदै जानु पर्दछ । रोगको प्रकोप हेरी यो तालिकालाई स्थानिय भेटेरिनरी विशेषज्ञको सल्लाह लिई तालिकामा हेरफेर गर्नु पर्ने हुन सक्छ ।

# ग. गाई ⁄ भैंसी, बंगुर, भेडा, बाख्रा, कुकुर तथा विरालोका खोपहरु
# Vaccines for Cattle, Swine, Sheep, Goat, Dog and Cat

## एच. एस. भ्याक्सिन

## (H.S. VACCINE)

यो पशुहरुको संक्रामक भ्यागुते रोग विरुद्ध प्रयोग गरिने पास्चुरेला मल्टोसिडा (Pasteurella multocida) जिवाणुहरुबाट निर्मित एलम प्रेसिपिटेटेड (Alum Precipitated) भ्कोल खोप हो ।

**खोप प्रयोग गरिने जनावरहरुः** तीन महिना भन्दा बढि उमेरका गाई भैंसी, पाडापाडी, वाच्छावाच्छी, भेडा, बाख्रा, बंगुर आदि । तर व्याउन २ महिना मात्र बाँकी भएका जनावरहरुमा प्रयोग नगर्ने ।

**खोपको मात्राः गाई, भैंसीः** ५ मिलिलिटर छालामुनि ।

**साना बाच्छा, पाडा, बाख्रा, बंगुरः** ३ मि.लि छाला मुनि

**खोपको प्रयोग गर्ने तरिकाः** सुईद्धारा घाँटी वा अन्य स्थानका छाला मुनि

**खोपको रक्षात्मक अवधिः** प्रयोग गरेको मितिले ३-६ महिनासम्म

**खोपको स्थानान्तरणः** सोझै घाम नपर्ने गरि प्याक गरेर वा संभव भएमा चिसो पारि ४-१० से. तापक्रममा स्थानान्तरण गर्नुपर्छ ।

**खोपको संचयः** ४-१० से. तापक्रममा वा चिसो कोठाको घाम नपर्ने अँध्यारो ठाउँमा ।

**खोपको प्रस्तुतिः** १०० मि.लि. र २५० मि.लि. को पोलिप्रोपलिनको बोतलमा ।

## एच.एस. एरोसोल भ्याक्सीन (जीवित)

## H.S. AEROSOL VACCINE (LIVE)

यो गाई भैंसीहरुको संक्रामक भ्यागुते रोगको विरुद्ध प्रयोग गरिने पास्चुरेला मल्टोसिडा (Pasteurella multocida B:3, 4) स्ट्रेनको जीवाणुबाट निर्मित फ्रिजड्राइड गरिएको जीवित खोप हो ।

**खोप प्रयोग गरिने जनावरहरु:** चार महिनाभन्दा बढी उमेरका गाई, भैंसी, पाडापाडी, बाच्छाबाच्छी, आदी ।

**खोपको मात्रा:** प्रति जनावर कम्तिमा $२\times१०^{७}$ जीवाणु पर्ने गरी नाकको प्वालमा फाइन एरोसोल स्प्रे गर्ने ।

**खोप प्रयोग गर्ने तरिका:** एरोसोल स्प्रे गर्ने स्प्रेयरमा तातो पानी प्रयोग गरी ५० चोटी स्प्रे गर्दा कति तातो पानी लाग्छ भनी यकिन गर्ने र त्यत्तीनै मात्रा नरमल सलाइन वा उपलब्ध डाइलुएण्ट प्रयोग गरि फ्रिज ड्राइड खोपलाई घोल्ने र घोलेको खोप जनावरको नाकको प्वालमा स्प्रे गरी खोप लगाउने ।

**खोपको रक्षात्मक अवधि:** प्रयोग गरेको मितिले कम्तीमा १ वर्ष सम्म ।

**खोपको ढुवानी:** सोझै घाम नपर्ने गरी प्याक गरेर वा सम्भव भएमा ४-१० डि. से. तापक्रममा ढुवानी गर्नु पर्छ ।

**खोपको संचय:** संचय गर्दा डिपफ्रिज वा रेफ्रिजेरेटरको फ्रिजींग च्याम्बर भित्र राख्ने । यदि फ्रिज वा डिप फ्रिज संभव नभएमा स्थानान्तरण गर्नासाथै प्रयोग गर्ने ।

**खोपको प्रस्तुती:** ५० मात्राको फ्रिजड्राइड खोप लेवल सहितको फ्रिज ड्राइड भाएलमा ।

**अपनाउनु पर्ने सावधानी:** खोप प्रयोग गरिएको जनावरमा एक हप्तासम्म कुनै एण्टीवायोटिक प्रयोग गरिनु हुदैन ।

## एच.एस र बि.क्यू. संयुक्त भ्याक्सीन

## (H.S. & B.Q. Combined Vaccine)

यो पशुहरुको संक्रामक भ्यागुते रोग तथा चरचरे रोग विरुद्ध प्रयोग गरिने पास्चुरेला माल्टोसिडा र क्लस्ट्रिडियम चोभ्याई जीवाणुहरुबाट निर्मित एलम प्रेसिपिटेटेड भ्रोल खोप हो ।

**खोप प्रयोग गरिने जनावरहरुः** गाई, भैंसी, पाडा, पाडी, बाच्छा, बाच्छी, भेडा, बाख्रा, बंगुर आदि ।

**खोपदिने उमेरः** तीन महिना भन्दा बढी उमेरका माथि उल्लेखित स्वस्थ जनावरहरु, तर ब्याउन २ महिना मात्र बाँकी भएकाहरुमा प्रयोग नगर्ने ।

**खोपको मात्राः गाई, भैंसीः** ५ मिलिलिटर

**साना बाच्छा, पाडा, भेडा, बाख्रा बंगुरः** ३ मिलिलिटर ।

**खोप प्रयोग गर्ने तरिकाः** सूईद्धारा घाँटी वा अन्य स्थानका छाला मुनि ।

**खोपको रक्षात्मक अवधिः** प्रयोग गरेको ६ देखि १२ महिनासम्म ।

**खोपको स्थानान्तरणः** सोझै घाम नपर्ने गरी प्याक गरेर, वा संभव भएमा चिसोपारी ४-१० से. तापक्रममा स्थानान्तरण गर्नुपर्छ ।

**खोपको संचयः** ४-१० से. तापक्रममा वा चिसो कोठाको घाम नपर्ने अँध्यारो ठाउँमा ।

**खोपको प्रस्तुतीः** १०० मि.लि. र २५० मि.लि. खोप सबै जानकारी भएको लेवल सहितको पोलिप्रोपायलिनको बोतलमा ।

## एन्थ्राक्स स्पोर भ्याक्सिन (जिवित)

## Anthrax Spore Vaccine (Live)

यो पशुहरुको पटके (Anthrax) रोग विरुद्ध वेसिलस एन्थ्रयासिस स्टरनी स्ट्रेन (Bacillus anthracis sterne strain) जीवाणुहरुबाट निर्मित जीवित खोप हो ।

**खोप प्रयोग गरिने जनावरहरुः** जंगली तथा पाल्तु जनावरहरु ।

**खोप दिने उमेरः** १ वर्ष भन्दा बढि उमेरका स्वास्थ जनावरहरु ।

**खोप प्रयोग गर्ने तरिकाः** सुईद्वारा घाँटी तथा अन्य स्थानमा छाला मुनि ।

**खोपको मात्राः** १ मि.लि. प्रति जनावर

**खोपको रक्षात्मक अवधिः** खोप लगाएको एक वर्षसम्म ।

**खोपको स्थानान्तरणः** ४-१० डि.से. तापक्रममा थर्मस वा थर्मकुल वाकसमा वरफ राखि स्थानान्तरण गर्ने ।

**खोपको भण्डारणः** ४-१० डि.से. तापक्रम ।

**खोपको प्रस्तुतीः** ५० मि.लि. का भाएलमा ।

**सावधानीः** प्रयोग गरी सकेपछि भायल र सिरिन्ज तथा निडिललाई आगोमा पोलि नष्ट गर्नु पर्दछ ।

# स्वाइन फिभर भ्याक्सीन (लेपिनाइज्ड)

## Swine Fever Vaccine (Lapinized-Live)

यो सुंगुर वंगुरहरुको हैजाको रुपमा चिनिने स्वाईन फिभर (हग कलेरा) विरुद्ध प्रयोग गरिने खरायोबाट बनेको जीवित ल्यापीनाइज्ड स्वाइन फिभर भ्याक्सीन हो ।

**खोपको प्रयोग गरिने जनावरहरुः** सुंगुर, बंगुर, बंदेल आदि ।

**खोप दिने उमेरः** ६ हप्ता वा सो भन्दा माथिको उमेर भएका जनावरहरुमा ।

**खोप प्रयोग गर्ने तरिकाः** खोपको साथमा भएको डाइलुण्टमा घोली १ मिलि छाला मुनि दिने ।

**खोपको रक्षात्मक अवधिः** प्रयोग गरेको मितिले १ वर्षसम्म ।

**खोपको स्थानान्तरणः** सोझै घाम नपर्ने गरी थर्मस वा थर्मकुल वक्समा वरफ राखी ४-१०से. तापक्रममा स्थानान्तरण गर्ने ।

**खोपको संचयः -५** से. देखि -२० से. तापक्रममा डिम फ्रीज वा रेफ्रिजेरेटरको फ्रिजिङ्ग चेम्वरमा ।

**खोपको प्रस्तुतीः** २० मात्राको फ्रिजडाईङ्ग भाएलमा ।

**डाईलुएन्टः** २० मि.लि. को डाईलुएन्ट खोप संगै उपलब्ध छ ।

# पि.पि आर. होमोलोगस टिष्यूकल्चर भ्याक्सीन (जीवित)

## PPR (Live) Homologous Tissue Culture Vaccine

यो भेडा बाख्राहरुको अत्यन्तै संक्रामक पि.पि.आर. (Pest des Petits Ruminants) रोग विरुद्ध टिष्यूकल्चर प्रविधिद्वारा भेरोसेल लाइन (Vero Cell Line) मा तयार गरिएको PPR Homologus Vaccine हो ।

**खोप प्रयोग गरिने जनावर**ः बाख्रा र भेडाहरु ।

**खोप दिने उमेर**ः तीन महिना भन्दा बढी उमेरका स्वस्थ जनावरहरु

**खोप प्रयोग गर्ने तरिका**ः खोपको साथमा रहेको चिसो पारिएको डाइलुएण्ट वा नर्मल सेलाइनमा घोली १ मि.लि. प्रति जनावरको दरले छाला मुनिदिने ।

**खोपको रक्षात्मक अवधि**ः प्रयोगपछिको ३ वर्षसम्म । तर बारम्बार रोग फैलिरहने क्षेत्रमा प्रत्येक १-२ वर्षमा खोप दोहऱ्याउनु उपयुक्त हुनेछ ।

**स्थानान्तरण**ः बरफ राखेको थर्मस वा थर्मकुल बक्समा राखी स्थानान्तरण गर्ने ।

**भण्डारण**ः -५ से. -२० से. मा राख्ने । यदी तत्काल प्रयोग गर्नु छ भने ४-१० से. तापक्रम भएको कोल्ड रुप वा रेफ्रिजेरेटरमा राख्न सकिन्छ ।

**खोपको प्रस्तुती**ः ५० र १०० मात्राको फ्रिजडाईङ्ग भाएलमा ।

**डाइलुइन्ट**ः खोप संगै उपलब्ध हुने चिसो पारिएको डाइलुइन्ट वा नर्मल सलाइन प्रयोग गर्ने ।

**सावधानी**ः (१) डाइलुइन्ट मिलाइएको खोपलाई २ घण्टा भित्र प्रयोग गरिसक्नु पर्छ र प्रयोग अवधिभर खोपलाई बरफले ढाकेर घाम नपर्ने गरी राख्नुपर्छ ।

(२) परजिवी वा अन्य रोगवाट ग्रसित व्याउने माउहरुमा यो खोप लगाए पश्चात तुहाउन सक्छ । अत : खोप लगाउनु भन्दा २ हप्ता पहिले परजिवी विरुद्ध औषधी खुवाएर मात्र खोप लगाउनु बढी उपयुक्त हुन्छ ।

# सेलकल्चर एन्टिरेबिज भ्याक्सीन

## Cell Culture Anti Rabies Vaccine (ARV)

रेविज रोग कूकूर, मानिस, बिरालो, स्याल, ब्वांसो तथा तातो रगत भएका अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक विषाणूजन्य जुनोटिक रोग हो जस विरुद्ध  सेलकल्चर प्रविधिद्वारा तयार गरिएको सेलकल्चर एन्टि रेबिज खोप हो ।

**खोप प्रयोग गरिने जनावर**: कूकूर, बिरालो, गाई, भैंसी तथा तातो रगत भएका अन्य स्तनधारी जनावर ।

**खोप दिने उमेर**: तीन महिना भन्दा बढी उमेरका जनावरहरु ।

**खोप प्रयोग गर्ने तरिका**: खोपलाई २ देखि ८ डिग्रीमा भण्डारण गर्ने र १ मि.लि. प्रति जनावरको दरले छाला मुनिदिने ।

**बुस्टर डोज**: एक पटक पनि खोप नलगाएको कुकुर र बिरालोमा पहिलो पटक खोप लगाउदा एक महिना पछि पुनः एक डोज खोप लगाउने र त्यसपछि प्रत्येक वर्ष एक डोज खोप लगाउने ।

**खोपको रक्षात्मक अवधि**: प्रयोगपछिको १ वर्षसम्म ।

**स्थानान्तरण**: बरफ राखेको थर्मस वा थर्मोकुल बक्समा राखी स्थानान्तरण गर्ने ।

**भण्डारण**: २ देखि ८° से. मा राख्ने ।

**खोपको प्रस्तुती**: १ र १० मात्राको ग्लास भाएलमा ।

**सावधानी**: (१) खोपलाई २ देखि ८° से. भण्डारण नभएको पाइएमा त्यस्तो खोप प्रयोग गर्नु हुंदैन । (२) रेबिज रोग लागि सकेको पशुमा भ्याक्सिन लगाउनु हुंदैन ।

घ. पशुपन्छीहरुमा प्रयोग गरिने खोपहरु र तिनिहरुको प्रयोग तालिका

| क्र. सं. | भ्याक्सीनको नाम | कुन रोग विरुद्ध | प्रयोग गरिने पशुपन्छी | उपलब्ध मात्रा | मात्रा प्रति पशु/पन्छी | लगाउने उमेर |
|---|---|---|---|---|---|---|
| १ | एच.एस.वि.क्यू. कम्बाइण्ड | भ्यागुते र चरचरे | गाई, भैंसी, बाख्रा, बंगुर | २० वा ५० | ५ मि.लि. छाला मुनि (ठूला पशु) ३ मि.लि. छाला मुनि (साना पशु) | ४ महिना त्यसपछि प्रत्येक ६ महिना |
| २ | एच.एस. भ्याक्सीन | भ्यागुते | गाई, भैंसि, बाख्रा, बंगुर | २० वा ५० | ५ मि.लि. छाला मुनि (ठूला पशु) ३ मि.लि. छाला मुनि (साना पशु) | ४ महिना त्यसपछि प्रत्येक ६ महिना |
| ३ | एच.एस.एरोसोल भ्याक्सीन | भ्यागुते | गाई, भैंसि, बाख्रा, बंगुर | ५० | मात्रा अनुसार उपलब्ध डाइलुएन्टमा घोली नाकमा स्प्रे गर्ने | ३ महिना त्यसपछि प्रत्येक वर्ष |
| ४ | वि.क्यू.भ्याक्सीन | चरचरे | गाई, भैंसि, बाख्रा, बंगुर | २० वा ५० | ५ मि.लि. छाला मुनि (ठूला पशु) ३ मि.लि. छाला मुनि (साना पशु) | ४ महिना त्यसपछि प्रत्येक ६ महिना |

| क्र.सं. | भ्याक्सीनको नाम | कुन रोग विरुद्ध | प्रयोग गरिने पशुपन्छी | उपलब्ध मात्रा | मात्रा प्रति पशु/पन्छी | लगाउने उमेर |
|---|---|---|---|---|---|---|
| ५ | एन्थ्राक्स स्पोर भ्याक्सीन | पटके | सबै ठूला जनावर | ५० | १ मि.लि. छाला मुनि | १ वर्ष त्यसपछि प्रत्येक ६ वर्ष |
| ६ | स्वाइन फिभर भ्याक्सीन | हैजा (बंगुरको) | बंगुर | १०/२० | १ मि.लि. छाला मुनि वा मासुमा | ६-८ हप्ता त्यसपछि प्रत्येक वर्ष |
| ७ | एफ.एम.डि. भ्याक्सीन | खोरेत | गाई, भैंसि, बाख्रा, बंगुर | १० वा १५ | २ मि.लि. १ मि.लि. छाला मुनि | ३/४ महिना त्यसपछि प्रत्येक ६ महिनामा |
| ८ | पि.पि.आर. भ्याक्सीन | पि.पि.आर | बाख्रा, भेडा | ५०/ १०० | १ मि.लि. छाला मुनि | ३/४ महिना त्यसपछि प्रत्येक वर्ष |
| ९ | रानीखेत एफ स्ट्रेन भ्याक्सीन | रानीखेत | कुखुरा, कालिज | २००, ५००, १००० | १-१ थोपा आँखा नाकमा राख्ने वा पानीमा घोली खुवाउने | १ हप्ता भित्र र ४ हप्ता |

| क्र.सं. | भ्याक्सीनको नाम | कुन रोग विरुद्ध | प्रयोग गरिने पशुपन्छी | उपलब्ध मात्रा | मात्रा प्रति पशु/पन्छी | लगाउने उमेर |
|---|---|---|---|---|---|---|
| १० | रानीखेत एन.आर. टू.वि. भ्याक्सीन | रानीखेत | कुखुरा | ५०० | ०-५ मि.लि. मासुमा | ८/१० हप्ता (रानीखेत एफ वा लाखोटा लगाएको ४ देखि ८ हप्ता पछि मात्र |
| ११ | रानीखेत लासोटा भ्याक्सीन | रानीखेत | कुखुरा | २०० | १-१ थोपा आँखा नाकमा राख्ने वा पानीमा घोली खुवाउने | ४ हप्ता |
| १२ | फावल पक्स भ्याक्सीन | फिबर | कुखुरा | २००, ५०० | पखेटामा खोपाउन | ६ देखि ८ हप्ता |
| १३ | गम्बोरा भ्याक्सीन | गम्बोरा | कुखुरा | २०० | १-१ थोपा आँखामा राख्ने | १४ देखि १८ दिन र २८ देखि ३५ दिन |
| १४ | रानीखेत १-२ भ्याक्सीन | रानीखेत | कुखुरा | | १-१ थोपा आँखामा नाकमा राख्ने | १ हप्ता भित्र र ४ हप्ता |
| १५ | एन्टि रेबिज भ्याक्सीन | रेबिज | कूकूर, बिरालो, स्याल, ब्वांसो तथा तातो रगत भएका अन्य स्तनधारी जनावर | १, १० | १ मि.लि. | ३ महिना, ४ महिना प्रत्येक वर्ष |

ङ. प्रयोगशालाबाट उत्पादित खोपहरुको बिक्री मूल्य

| क्र.सं. | भ्यक्सीनको नाम | मात्रा | खुद्रा मूल्य (रु) |
|---|---|---|---|
| १. | एच. एस.भ्याक्सीन | २० मात्रा<br>५० मात्रा | ४०/-<br>९०/- |
| २. | एच. एस. एरोसील | ५० मात्रा | ९०/- |
| ३. | एच.एस.एण्ड वि.क्यू. कम्बाइन्ड भ्याक्सीन | २० मात्रा<br>५० मात्रा | ७५/-<br>१५०/- |
| ४. | पि.पि.आ. भ्याक्सीन | ५० मात्रा<br>१०० मात्रा | १४०/-<br>२५०/- |
| ५. | एनथ्राक्स भ्याक्सीन | ५० मात्रा | २००/- |
| ६. | स्वाईन फिभर भ्याक्सीन | २० मात्रा | २१०/- |
| ७. | रानीखेत एफ स्टेन | २०० मात्रा<br>५०० मात्रा<br>१००० मात्रा | ६५/-<br>१२५/-<br>२००/- |
| ८. | रानीखेत आर.टु.वि.स्टेन | ५०० मात्रा | १००/- |
| ९. | फाउल पक्स | २०० मात्रा | १२०/- |
| १०. | गम्बोरो लाईभ (ईन्टरमिडिएट) | २०० मात्रा<br>५०० मात्रा<br>१००० मात्रा | १००/-<br>२१५/-<br>४१५/- |
| ११. | रानीखेत लासोटा स्टन | २०० मात्रा<br>५०० मात्रा | ६५/-<br>१२५/- |
| १२. | रेविज | १ मात्रा | ४५/- |

माथी उल्लेखित भ्याक्सीनहरु (*चिन्ह बाहेकका) स्टकिष्टलाई मात्र विक्री वितरण गरिने छ। सर्व साधारणले स्टकिष्टहरुबाट मात्र खरिद गर्न सक्नेछन्।

*यी भ्याक्सीनहरु हाललाई स्टकिष्टहरुलाई विक्री गरिदैन तर पशु सेवा विभाग अनतरगतका निकाय वा ग्रैह सरकारी संस्थाहरुलाई नियन्त्रीत रुपमा शुल्क लिई वितरण गरिन्छ।

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, राष्ट्रिय खोप उत्पादन प्रयोगशालाबाट उत्पादित खोपहरुको विक्रि वितरण गर्न हालसम्म नियुक्त भएका वितरकहरुको विवरण:

| नाम | ठेगाना | फोन नं. |
|---|---|---|
| एग्रो भेटेरिनरी कन्सर्न | विराटनगर-८ | ०२१ ५२४६४८ |
| बनेपा भेटेरिनरी ड्रग सप्लायर्स | बनेपा-१० | ०११ ६६३४६८ |
| मुनाल वायोभेट | त्रिपुरेश्वर, काठमाडौं | ०१ ४२६१०७१ |
| सुनगाभा भेट डिष्ट्रिबुटर्स | त्रिपुरेश्वर, काठमाडौं | ०१ ४२६०८७७ |
| तुलसी भेट कन्सर्न | भरतपुर, चितवन | ०५६ ५२५६३८ |
| बीरगंज भेट फर्मा | बीरगंज, पर्सा | ०५१ ५२२५२२ |
| पशुपति भेट सप्लायर्स | पोखरा, कास्की | ०६१ ५३०३४९ |
| नेपाल एग्रोभेट फर्मा | बुटवल-८ | ०७१ ५४५५२१ |
| हिमालयन एग्रोभेट | नेपालगंज | ०८१ ५२२९७६ |
| पेटभेट सेन्टर | धनगढी, कैलाली | ०९१ ५२३७६३ |

*द्रष्टव्य: उत्पादित खोपहरुमध्ये हाललाई पी.पी.आर. तथा एन्थ्राक्स स्पोर भ्याक्सिनको विक्रि वितरण स्टकिष्ट मार्फत गरिएको छैन ।*

***विस्तृत जानकारीको लागि***


***राष्ट्रिय खोप उत्पादन प्रयोगशाला***

***त्रिपुरेश्वर, काठमाडौं***

***फोन : ०१ ४२५२३४८, फ्याक्स : +९७७ १ ४२१५७०३***

***ईमेल : info@nvpl.gov.np***